# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं, माघ ८ गते २०१२ साल [ संख्या ३७

### प्रादेशिक विकाश योजना (राप्तीदूनको जमीन बिक्री वितरण) नियम २०१२

प्रादेशिक विकाश योजनाहरू [कार्यान्वित गर्ने] ऐन २०१२ को दफा ५ ले दिएको अधिकारको प्रयोग गरी सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः–[१] यी नियमहरूको नाम प्रादेशिक विकाश योजना (राप्तीदूनको जमीन वितरण) नियम २०१२ रहेको छ।

[२] यी नियमहरू तुरुन्त लागू हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा :–

[क] 'विकाश क्षेत्र' भन्नाले ऐनको दफा २ अनुसार सरकारले विकाश क्षेत्र भनी घोषित गरेको क्षेत्र सम्झनुपर्छ।

[ख] 'राप्तीदून विकाश विभाग' भन्नाले सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी यसै नामले तोकेको सरकारी अड्डा सम्झनुपर्छ।

[ग] 'माल अड्डा' भन्नाले विकाश क्षेत्रभित्र वा विकाश क्षेत्रको आसपासमा रहेको यी नियमहरू बमोजिमको काम कारवाई गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले तोकेको माल अड्डा वा अड्डाहरु सम्झनुपर्छ।

[घ] 'सानो फार्म' भन्नाले घटीमा ४ बिघादेखि बढीमा १० बिघासम्म जमीन भएका प्लट सम्झनुपर्छ।

[ङ] 'मझौला फार्म' भन्नाले घटीमा ११ बिघादेखि बढीमा २५ बिघासम्म जमीन भएका प्लट सम्झनुपर्छ।

(च) 'ठूलो फार्म' भन्नाले घटीमा २६ बिघादेखि बढीमा ५० बिघासम्म जमीन भएका प्लट सम्झनुपर्छ।

(छ) 'समिति' भन्नाले नियम ६ अनुसार गठन गरिने समिति सम्झनुपर्छ।

३. फार्मको विभाजनः— विकास क्षेत्रभित्रको आवाद लायक जमीन ६० प्रतिशत साना फार्म, ३० प्रतिशत मझौला फार्म, र १० प्रतिशत ठूलो फार्ममा विभाजन गरिनेछ।

४. फार्मको मूल्याङ्कः— नियम ६ बमोजिम गठन भएको समितिले फार्मको मूल्य तोक्दा देहायको तरिकाले तोक्नेछ।

(क) सानो फार्ममा प्रतिबिघा रु.२५। मा नघटाई,

(ख) मझौला वा ठूलो फार्ममा प्रतिबिघा रु.५०। मा नघटाई,

५. जमीन किन्न पाउने अधिकार र प्राथमिकताः-(१) विकास क्षेत्रभित्रका जमीन नेपाली नागरिकले मात्र किन्न पाउनेछन्। मझौला फार्म, समितिले उपयुक्त जमीन नभएको आफैले खेती गर्ने भूमिहीन परिवार भनी ठहऱ्याइएको परिवारलाई बिक्री गरिनेछ।

[२] उपनियम [१] को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी जमीन किन्न पाउने प्राथमिकता देहायका क्रमबमोजिम हुनेछ।

[क] ज्याला मजुरी लौ विकास क्षेत्रमा काम गर्ने कृषिको अनुभव भएका व्यक्तिहरू वा बाढीको कोपले भूमिहीन भएका किसानहरु।

[ख] असल चरित्र र असल स्वास्थ्य भएका मेहनती र कृषिको अनुभव भएका व्यक्तिहरू।

[ग] असल चरित्र र असल स्वास्थ्य भएका मेहनती र कृषि-शिक्षा प्राप्त गरेका व्यक्तिहरू।

[घ] बहालवाला सरकारी कर्मचारी वा सरकारी नोकरीबाट बात

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नलागी हटाइएका व्यक्तिहरू वा सरकारी नोकरीबाट निवृत्त भएका व्यक्तिहरू वा सरकारी नोकरी छाडेका व्यक्तिहरू।

(३) यदि कुनै व्यक्ति वा प्रचलित कानूनअनुसार रजिष्टर्ड भएको व्यक्ति-सरहको कुनै संस्थाले आफ्नो कार्यक्रम र योजनासमेत पेस गरी विकास क्षेत्रभित्रको जमीन किन्ने दरखास्त गरेमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई ५० बिघाहाको २ दुइ प्लटसम्म बिक्री गर्न सक्नेछ। त्यसरी बिक्री भएको जमीनको मूल्य जमीन निजको नाममा दर्ता हुनु अगावै दरखास्तवालाले चुक्ता गर्नु पर्नेछ र समितिले अदलबदल गर्न स्वीकृति दिएमा बाहेक त्यस जमीनमा समितिले मञ्जूर गरेको योजना र कार्यक्रम अनुसार नै दरखास्तवालाले खेती गर्नु पर्नेछ।

तर यस उपनियम अन्तर्गत बिक्री गरिने फार्महरूको कूल क्षेत्रफल १८०० बिघाभन्दा बढी हुनेछैन।

६. समितिः—[१] विकास क्षेत्रभित्रको जमीन बिक्री वितरण गर्ने कामको निमित्त नेपाल सरकार योजना विकास मन्त्रालयले देहायबमोजिमको एक समिति गठन गर्नेछ।

| | |
|---|---|
| राप्तीदून विकास विभागका का-डाइरेक्टर | अध्यक्ष |
| कृषि विभागका प्रतिनिधि | सदस्य |
| त्रिभुवन ग्राम विकास विभाग | सदस्य |
| सहकारी विभाग | सदस्य |
| माल अड्डा | सदस्य |
| श्री ५ महाराजाधिराजको सवारीमा चुनिएका पंचायतका अध्यक्ष | सदस्य |
| माटोको विशेषज्ञ यू. एस्. ओ. एम्. नेपाल | सल्लाहकार |

[२] समितिलाई चाहिने वास भ्रमण कारिन्दा र आर्थिक सुविधाको प्रबन्ध राप्तीदून विकास विभागले गर्नेछ।

७. समितिको काम र अख्तियारः-नियम ६ बमोजिम गठन गरिएको समितिले देहायका कामहरू गर्नेछ।

[क] प्रत्येक फार्मको मूल्य तोक्ने।

[ख] जमीन बिक्री वितरणको निमित्त दरखास्त माग्ने।

[ग] कुन दरखास्तवालालाई कति जमीन दिने हो, त्यसको निर्णय गर्ने।

[घ] विकासक्षेत्रभित्र आफ्नो मुकाम स्थापना गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ङ] सरकारी वा सार्वजनिक कामको निमित्त मोल लिई वा नलिई जमीन दिने ।

[च] आफ्नो कामको रेकर्ड सुरक्षित राख्ने ।

८. जमीनको मोल भुक्तानीः– (१) सानो फार्म किन्ने व्यक्तिले फार्मको मूल्यको २ दुइ प्रतिशत रकम तुरुन्त दाखिल गर्नुपर्छ र बाँकी मूल्य बराबरी २० वार्षिक किस्तामा माल अड्डामा बुझाउनुपर्छ ।

[२] मझौला फार्म वा ठूलो फार्म किन्ने व्यक्तिले फार्मको मूल्यको १० प्रतिशत रकम तुरुन्त दाखिल गर्नुपर्छ र बाँकी मूल्य बराबरी १० वार्षिक किस्तामा माल अड्डामा बुझाउनुपर्छ ।

[३] फार्म किन्ने व्यक्तिले फार्मको पूरै मूल्य एकमुष्ट दाखिल गर्न वा शुरूमा बुझाउनुपर्ने किस्ता बुझिई बाँकी किस्ता उपनियम (१) वा [२] मा तोकिएको अवधिभित्र वा सो अवधिअगावै माल अड्डामा दाखिल गर्न पाउनेछन् ।

९. जमीन किन्नेको दायित्वः– [१] कुनै परिवारको सदस्यहरूमध्ये एक सदस्यलाई मात्र एक फार्म बिक्री गरिनेछ ।

[२] उपनियम (१) बमोजिम किन्नेको जग्गा मोहियानीमा कमाउन दिन वा टुक्रा पारी बेच्न वा टुक्रा पारी दान बकसीस दिन, टुक्रा पारी अंशबण्ड गर्न पाइनेछैन ।

(३) आफैले ३ वर्ष लगातार खेती नगरी, सरकारलाई बुझाउनुपर्ने पूरा रकम चुक्ता नगरी फार्म बेच्न वा दान दिन वा बकसीस दिन पाइने छैन । तर दर्तावालाको मृत्यु भएमा हकदारले आफ्नो नाममा नामसारी गर्न पाउनेछ । तर धेरैजसो हकदार भएमा अंशबण्डा गर्दा फार्म टुक्रा पार्न पाइनेछैन ।

१०. जमीन दर्ता पोत मिनाहा र पोत असुलीः–(१) समितिको सिफारिसअनुसार माल अड्डाले जमीन दर्ता गर्नेछ ।

(२) सानो फार्म किन्ने व्यक्तिले पहिलो ३ सालको पोत माफी पाउनेछ ।

(३) मझौला फार्म वा ठूलो फार्म किन्ने व्यक्तिले आफूले किनेको जमीनमध्ये ७५ प्रतिशत जमीनमा खाद्यान्नको खेती गरेमा मात्र प्रथम ३ वर्षको पोत माफी पाउनेछ ।

(४) उपनियम (३) बमोजिमको फार्म किन्ने व्यक्तिले आफूले किनेको जमीनमध्ये ७५ प्रतिशत जमीनमा खाद्यान्नको खेती गरेको छ छैन सो कुरा [illegible] सो कुरासमेत र कति प्रतिशत जमीनमा कुन किसिमको [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

राप्तीदून विकास विभागले आँची त्यस मझौला फार्म वा ठूलो फार्म किन्ने व्यक्तिले तिर्नु पर्ने पोतको अंक किटान गर्नेछ र माल अड्डाले राप्तीदून विकास विभागले किटान गरेबमोजिमको पोत असूल गर्नेछ।

(५) साना फार्मको मालपोत असुल गर्ने तरीका बारे राप्तीदून विकास विभागले किसा सर्भे गरी सो किसा सर्भेको रिपोर्टको आधारमा मनासिब व्यवस्था गर्नेछ।

११. सरकारी सहायता:– [१] फार्म धनीको दरखास्त परी समय र सुविधाले भ्याएमा सरकारले पर्ती बाँझो फार्महरू पहिला पटक जोताई दिने प्रबन्ध गर्नेछ। यस किसिमको जोताईमा साना फार्मलाई प्राथमिकता दिइनेछ।

[२] उपनियम [१] बमोजिम जोताउदाँ लागेको लगत खर्च फार्म धनीले किस्ताबन्दी गरी २ वर्षभित्र अथवा समितिले आवश्यक ठहराई बढाएको म्यादभित्र माल अड्डामा बुझाउनुपर्छ।

१२. माल अड्डाको कर्तव्य र अधिकार: [१] यी नियमहरूमध्ये सबै वा कुनै नियम उल्लंघन गर्ने फार्म धनीबाट समितिको सिफारिसमा माल अड्डाले फार्म जफत गरी यी नियमहरूबमोजिम बिक्री गर्नेछ।

[२] फार्म धनीले किस्ताबन्दी गरी बुझाउनुपर्ने रकम म्यादभित्र बुझाउन नसकी सो म्याद नाघेको मितिले ६ महिनाभित्र बुझाउन ल्याएमा माल अड्डाले महिनाको सयकडा १ का हिसाबले ब्याजसमेत ली बुझ्नेछ।

[३] फार्म धनीले उपनियम [२] बमोजिम बुझाउन नल्याए माल अड्डाले देहायबमोजिम गर्नेछ।

[क] बुझाउनुपर्ने रकम नबुझाएमा राप्तीदून विकास विभागमा सूचना दिने

[ख] बुझाउनपर्ने रकम बुझाउन नसकी थप म्यादको अनुरोध गरेकोमा थप म्याद दिन समितिको सिफारिस भए महिनाको सयकडा १ को हिसाबले ब्याज ली रकम बुझी दिने।

[४] उपनियम (२) र [३] बमोजिम ब्याजको हिसाब गर्दा कुनै महिनाको कुनै भाग समेत पूरै महिना सम्झिनेछ।

[५] सरकारको आदेशानुसार समिति विघटन भएपछि समितिको काम माल अड्डाले गर्नेछ।

आज्ञाले—

भीमबहादुर पाँडे,

सेक्रेटरी– योजना विकास मंत्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।